# १३ सुसमाचार र चर्च

*<u>यस अध्यायका मूल पदहरू:</u> गलाती ६:१-१० ,मत्ती १८:१५-१७ ,१ कोरन्थी १०:१२ ,रोमी १५:१ ,यूहन्ना १३:३४ ,लूका २२:३।*

***<u>स्मरण गर्नुपर्ने पद</u>*** **:"त्यसकारण यदि हामीले सबैको भलाई गर्न सक्छौं भने , गरौं न त। बिशेष गरेर विश्वासीहरूको परिवारको हितमा ध्यान पुर्‍याउन विशेष कोसिस गरौं गलाती ६:१० रूपान्तरित ।**

एक फेरा आलुको खेती गर्ने किसानहरूले ठूला ठूला आलुहरूलाई आफ्ना निम्ति बाँकी राखेर साना साना आलुहरूलाईचाहिँ रोप्ने निर्णय गरे। तर जब आलु पाकेपछि त्यसलाई खन्न सुरु गरे तब आलुहरू त गुच्चा जस्तो साना पो भएको पाए। यो देखेर धर्तीदेखि तिनीहरू निराश भए। यो तितो पाठबाट ती किसानीहरूले जीवनको नियमको अमूल्य पाठ सिके।

"सबभन्दा असल कुरोलाई आफूसँग राखेर बाँकीभएका सबभन्दा साना कुरालाई बिऊलाई छुट्याउनुहुन्न भन्ने पाठ तिनीहरूले सिके। तिनीहरूले जे रोप्यो त्यहि फल्छ भन्ने जीवनको अधीन तिनीहरूले अनुभवबाट सिक्नु परेको थियो।

"हो ,साना साना आलुहरूलाई रोप्ने प्रक्रिया अझ प्रचलित छ। जीवनका ठूला ठूला कुराहरूलाई आफ्नै साथमा राख्दछौं र बाँकीभएका ससाना कुराहरूलाई रोप्दछौं। अनि भाग्यको हातमा छोडेर हाम्रो स्वार्थतालाई निस्वार्थताको खेती गर्न सकौं भनेर अपेक्षा गर्दछौं।"-इन्टरनाशनल स्टुडेन्ट फेलोशीप न्युजलेटर ,मार्च २००७बाट रूपान्तरित।

गलाती ६:१-१०मा पावलले यो महत्त्वपूर्ण शुत्रलाई प्रयोग गरेको पाउँछौं। एक आपसमा टोका टोक गरेर ,चरित्र हत्या गर्दै एक आपसमा लुछाचुडी गर्नुको सट्टा )गलाती ५:१५ रूपान्तरित (चर्च त्यस्तो थलो हुनुपर्दछ जहाँ परमेश्वरको आत्माको बलले एक आपसलाई उचाल्न सक्दछ। यदि परमेश्वरको अनुग्रहले मात्र हामीले मुक्ति पाउँछौं भन्ने आत्मज्ञानलाई आत्मसात् गर्नसक्यौं भने त्यसले हामीलाई नम्र तुल्याउन सक्दछ र धिरजी र करुणामय भएर एक अर्काप्रति सदाशयता देखाउन सक्दछ।

## १. परमेश्वरबाट तर्केर गएकाहरूलाई फेरि उहाँकै परिवारमा भित्र्याउनु

इसाई जीवन महान आदर्श तथा सबैको सामु उदाहरणीय जीवन होस् भन्ने चाहना पावलले गरेका थिए) गलाती ५:१६(। तर गलाती ६:१मा गरिएको पावलको खबरदारी पनि काल्पनिक नभएर मानव जीवनमा साँच्चिक्कै नै थियो। उनको सल्लाहले विश्वासीलाई हलुका बनाउँछ। मानव जात सिद्ध छैन। जतिसुकै मै हुँ भन्ने इसाईहरू पनि भूल गर्नबाट अलक भएर बस्न सक्दैनन्। चर्चमा कहिलेकाहिँ यस्तै तँछाडमछाडको स्थिति वा भाऊ खोज्ने प्रबृत्ति खडा हुनसक्दछ भनेर ग्रीक भाषामा लेखिएको पत्रमा पावलले देखेका थिए। गलाती ५:१६ले यसलाई देखाउँदछ। यस्तो खालको परिस्थितिलाई कसरी सम्हाल्ने भनेर पावलले गलातीहरूलाई व्यवहारमा लाग्नुपर्ने सल्लाह दिँदछन्।

**कोहि येशूभक्त साथी पापको खाल्डोमा पर्‍यो भने त्यस व्यक्तिप्रति अरू येशूभक्तले कस्तो दृष्टिले हेर्नुपर्दछ र सहयोग गर्नुपर्दछ ?हेर्नुहोस्ः गलाती ६:१ "दाजुभाइहरू, कसैले नराम्रो काम गरेको भेटियो भने आत्मामा जिउने तिमीहरूले नम्र भएर उसलाई सुधार्नुपर्छ। यसमा आफैं पनि नराम्रो काममा नफसिओस् भनेर होशियार हुनुपर्छ।" र मत्ती १८:१५-१७ "१५ "यदि तिम्रो भाइले तिम्रो विरुद्धमा पाप गरेको छ भने उसलाई एक्लै गएर सम्झाऊ। उसले तिम्रो कुरा सुन्यो भने तिमीले उसलाई आफूपट्टि फर्काएको हुनेछौ। १६ तर उसले तिम्रो कुरा सुनेन भने अरू एक-दुई जना सँगै गएर उसलाई सम्झाऊ किनभने धर्मशास्त्रले भनेजस्तो सबै झैं-झगडाहरूको फैसला गर्नलाई दुई वा तीन जना साक्षी बोलाउनुपर्छ। १७ त्यति हुँदाहुँदै पनि उसले कुरा सुनेन भने मण्डलीमा गएर तिमीले पूरै कुरा खोलिदेओ अनि तिनीहरूको कुरा पनि उसले सुनेन भने उसलाई ईश्वर नमान्ने र कर उठाउनेलाई जस्तै गरी त्यागिदिनू।"**

पावलले दिएको गलाती ६:१को सल्लाहलाई राम्ररी बुझ्न ,उनले कुन् परिस्थितिलाई ध्यानमा राखेर गरेको हो सो बुझ्नु आवश्यक छ। त्यस पदको प्रथम् अंशमा दुई शब्दहरू पावलले प्रयोग गरेको धेरै महत्त्वपूर्ण मान्नु पर्दछ। पहिलो शब्दचाहिँ "यदि कोहि पक्राउ पर्‍यो वा समातियो भने "हो। यसको अर्थ "कोहि अचानक तरिकाले समातिनु वा नराम्रो काम गरेको पत्ता लगाउनु " हो। पावलले दुई कुराहरू मनमा राखेका थिए भनेर त्यस शब्दले देखाउँदछ : कोहि विश्वासीले अर्को विश्वासीले गलत काम गर्दा समातिन्छ र त्यो समात्ने प्रक्रियामा नचाहान्दा नचाहन्दैपनि आफू पनि फस्न सकिन्छ हितोपदेश ५:२२।

गलत नियतलाई मनमा खेलाइ राख्दा फस्ने विश्वासीको बारेमा पावलले छलफल गरिरहेको होइन। ग्रीक भाषाको paraptoma पाराप्टोमा भन्ने शब्दलाई

अपराध वा पापमा अनुवाद गरिन्छ ,जुन कि जानाजानी गरेको होइन। खराब नियतलाई मनमा खेलाएर नराम्रो स्थितिमा आफूलाई पार्नेको बारेमा पावलले सोचेको होइन। तर नजानीकन गरेको भूल ,वा ठेस खान पुगेको वा गलत कदम लिन पुग्ने व्यक्तिको बारेमा पावलले चासो देखाइरहेको पाइन्छ। पवित्र आत्मामा हिँडिरहनु भन्ने अगाडिको टिप्पणी गरेको सन्दर्भमा पावलको उपरोक्त भनाइलाई अर्थपूर्ण मान्नु पर्दछ। हो ,गलत ढँगमा हिँड्न पो पुग्यो भन्दैमा दोषमुक्ति नै हुनुपर्छ भन्ने छैन। तर अटेरी गरेर पापमा फसेको )१ कोरन्थी ५:१-५ (मानिसको बारेमा पावलले भनिरहेको होइन भन्ने कुरा स्पष्ट छ।

त्यसकारण अपर्झट वा अजानमा कोही विश्‍वासी गलत बाटोमा जान्छ भने त्यसलाई सजायँ दिएर ,दोष दिएर वा चर्चबाट बर्खास्त गरेर त्यसलाई कार्वाही गर्ने होइन ,बरू त्यसलाई सम्झाएर बुझाएर परमेश्‍वरतिर फर्काएर पुनर्स्थापना गर्नुपर्छ। यो “फर्काउने "भन्ने शब्द ग्रीक मा katartizo केटार्जिटो हो जसको अर्थ “पुनःस्थापित "गर्नु, “मर्मत गर्नु" वा “फेरि ठीक गर्नु" हो। सबै ठीक ठाक पार्ने वा भत्किएकोलाई सम्हालेर बनाउने भन्ने  अर्थ पनि लाग्दछ। नयाँ करारमा कुनै माछा पकड्ने जाली चुँड्यो भने त्यसलाई सिउने भन्नेलाई यो शब्द प्रयोग गरिन्छ )मत्ती ४:२१(। कसैको हाड भाँचियो भने पनि त्यसलाई मिलाउने कुरालाई वाख्या गर्न उक्त शब्द प्रयोग गरिन्छ। कोहि विश्‍वासी लडेर उसको हात खुट्टा भाँच्यो भने उसलाई त्यसै छोडेर हामी जाँदैनौं। यदि कोहि भाइ वा बहिनीले भुल गर्छ वा पापमा फस्छ भने हामी सबै ख्रीष्टको शरीरको अङ्ग भएको हैसियतले स्नेहपूर्वक उसलाई सम्झाउनु पर्दछ ,किनभने हामी सबै परमेश्‍वरको राज्यमा प्रवेश गर्न यात्रा गरिरहेकाछौं।

**येशूले मत्ती १८:१५-१७मा उल्लेख गर्नुभएको कुरालाई नमानी किन कसैले रिस उठायो भने त्यसको बारेमा नराम्रो कुरा गर्ने बानी वा त्यसप्रति रिसइबी राखेर प्रतिशोधको भावनाले उत्प्रेरित हुने बानी हामीमा भइरहेको हुन्छ?**

## २. शैतानले अनेकौं तरिकाबाट येशूभक्तलाई फसाउन सक्छ त्यसकारण त्यसबाट सतर्क हुनु

***अनि अगमवक्ता नेथनले दाउदलाई भने ,तिमी नै त्यो व्यक्ति हौ "!( २ सामुयल १२:७ रूपान्तरित)।***

पावलले गलाती ६:१ पदको दोश्रो अंशमा व्यक्त गरेको-हामीहरूको जीवनलाई सुरक्षा गर्नुपर्छ नत्र हामी पनि प्रलोभन वा परीक्षामा पर्न सक्छौं-भन्ने सल्लाहलाई वेवास्ता गर्नुहुन्न । "जीवनमा धेरै परिक्षा वा लोभलालसाहरू आइपर्छन् ,त्यसबाट हामी बचिरहनु अत्यन्त आवश्यक छ। जुन व्यक्तिगत चासो र महत्त्व दिने शैलीमा पावलले व्यक्त गरे त्यो कत्तिको गम्भीर छ भनेर

त्यसले देखाउँछ। "बिचार गर, सोच "वा "आफूलाई सम्हाल "भन्ने शब्दको अक्षरस अर्थचाहिँ "होसीयारपूर्वक हेर "वा "चनाखो भएर ध्यान देऊ) "रोमी १६:१७ ,फिलिप्पी २:४सँग तुलना गर्नुहोस् (हो। हामीलाई छक्क पार्ने गरि पापले अपर्झत हामीलाई नियन्त्रणमा राख्न सक्ने भएकोले "आफ्नो सुरक्षामा अत्यन्त चनाखो रहनु "भनेर पावलले स्पष्ट पार्न खोजेको हो। गलाती ६:१मा गलातीहरूलाई सम्वोधन गर्दा "तिमीहरू "भनेर बहुवचन प्रयोग गरिएको थियो। अनि दोश्रो अंशमा "आफ्नै "र "तिमी) "नेपाली अनुवादमा तिमीहरू , नत्र तिमी (भनी एक बचन प्रयोग गर्दा पावलको चेतावनी व्यक्तिगतरूपमा कत्तिको गम्भीर रहेछ भनेर देखाउँदछ। यो चर्चमा रहेका प्रत्येक विश्‍वासीको निम्ति पावलको व्यक्तिगत चेतावनी हो।

तर के परीक्षा वा प्रलोभन ती गलातीका विश्‍वासीहरूले सामना गरेका थिए भनेर पावलले स्पष्टसँग भन्दैन। हुनसक्छ कुनै विशेष पापलाई सम्वोधन गर्न पावलको मनमा नहोला। तर जेभएतापनि त्यही पापमा फस्नु कस्तो खतरा हुन्छ भनेर पावलले छलफल गरिरहेको पाइन्छ। त्यस पापबाट अलगिएर प्रभुसँग पुनर्मिलनमा रहनु पर्ने पावलको चाहना हो। फेरि गलाती ५:२६मा "अहङ्कारी नहोउ" भन्ने आह्वानले गर्दा गलातीका विश्‍वासीहरू पापमा फसेर फर्केकाहरूभन्दा आत्मिक रूपमा आफू कतिको उत्तम, पवित्र वा चोखो छु भनेर अभिमान देखाएका थिए भन्ने आभास् हामी पाउँछौं।

**आत्मिक अहङ्कारारिता वा धर्ममा अरूभन्दा आफू कति ठूलो वा पवित्र , चोखो छु भन्ने भावनाको बिरोधमा पावलले किन चेतावनी दिँदछन् ?जवाफको लागि देहायका पदहरू पढ्नुहोस् :१ कोरन्थी १०:१२,१३ "१२ रामरी उभिएको छु भन्नेले होस पुऱ्याओस्, नत्र ऊ लड्नेछ। १३ तिमीहरूका जीवनमा आइपर्ने सबै जाँचहरू मानिसलाई आउने किसिमकै हुन्छ। परमेश्‍वर विश्‍वासी हुनुहुन्छ अनि सहनै नसक्ने गरी तिमीहरूको जाँच हुन दिनुहुन्न। उहाँले जाँचबाट पार हुने बाटो पनि बनाइदिनुहुन्छ र जाँच हुँदा तिमीहरूले त्यसलाई सहन सक्छौ।", मत्ती २६:३३-३५ "३३ यत्तिकैमा पत्रुसले येशूलाई भने, "सबैले छोडेर भागे पनि मचाहिँ तपाईंलाई कहिल्यै छोड्नेछैन।" ३४ येशूले भन्नुभयो, "साँच्चै म तिमीलाई भन्छु, भोलि बिहान भाले बास्नुभन्दा अघि नै मलाई चिन्दैचिन्दिनँ भनेर तिमीले तीनपल्टसम्म इन्कार गर्नेछौ।" ३५ "तपाईंसँग मर्नुपरे पनि म तपाईंलाई चिन्दिनँ भनेर कहिल्यै पनि भन्नेछैन!"– पत्रुसले जवाफ दिए। अरू सबै चेलाहरूले पनि त्यसै भने।" र २ सामुयल १२:१-७ "१ तब शमूएलले इस्राएलका प्रजालाई भने, "तिमीहरूले मलाई मागेजस्तै मैले गरें। मैले तिमीहरूमाथि शासन गर्न एउटा राजा दिएको छु २ र तिमीहरूको अगुवाइ गर्न तिनी तिमीहरूसित छन्। म बुढो भएँ र मेरो केश पाकिसक्यो। मेरा छोराहरू**

तिमीहरूसित छन्। म युवादेखि आजसम्म तिम्रा अगुवा रहेको छु। ३ म उही हुँ। मैले केही भुल गरेको छु भने अहिले परमप्रभु र उहाँले चुन्नुभएको राजाको सामुन्ने मलाई दोष लगाओ। के मैले कसैको गाई वा गधा लगें? के मैले कसैलाई ठगेको वा सताएको छु? के मैले कोहीदेखि घूस लिएको छु? यदि मैले कुनै यस्तो काम गरेको छु भने मैले जे लिएको छु, त्यो म फिर्ता दिनेछु।" ४ मानिसहरूले उत्तर दिए, "अँहँ, तपाईंले हामीलाई ठग्नु वा सताउनुभएको छैन, तपाईंले हामीबाट केही लैजानु- भएको छैन।" ५ शमूएलले उत्तर दिए, "तिमीहरूले मलाई पूर्णरूपले निर्दोष पाएका छौ भनी परमप्रभु र उहाँले चुन्नुभएको राजा आज साक्षी हुनुहुन्छ।" "हो, परमप्रभु हाम्रा साक्षी हुनुहुन्छ।" तिनीहरूले जवाफ दिए। ६ शमूएलले अझै भन्दैगए, "मोशा र हारूनलाई चुन्ने र तिम्रा पुर्खाहरूलाई मिश्रबाट निकाली ल्याउनुहुने परमप्रभु हुनुहुन्छ। ७ अब जहाँ तिमीहरू छौ, त्यहाँ खडा रहो अनि तिमीहरू र तिम्रा पुर्खाहरूलाई बचाउन परमप्रभुले गर्नुभएका प्रतापी कामहरूबारे तिमीहरूलाई याद गराएर म तिमीहरूलाई परमप्रभुको सामुन्ने दोष लगाउनेछु। ८ जब याकूब र तिनका परिवार मिश्रमा गए र मिश्रीहरूले तिनीहरूलाई सताए, तिम्रा पुर्खाहरूले मद्दतको निम्ति परमप्रभुलाई पुकारे र उहाँले मोशा र हारूनलाई पठाउनुभयो। ती दुईले तिमीहरूलाई मिश्रबाट निकाली ल्याए र यस देशमा बसाए। ९ तर मानिसहरूले परमप्रभु आफ्ना परमेश्वरलाई बिर्से र उहाँले पलिश्तीहरू, मोआबका राजा र हासोर सहरको सेनापति सीसरालाई तिम्रा पुर्खाहरूको विरुद्धमा लडाइँ गर्न र तिनीहरूलाई जित्न दिनुभयो। १० तब तिनीहरूले मद्दतको लागि परमप्रभुलाई पुकार्दै भने, "परमप्रभु! हामीले पाप गर्‍यौं किनभने हामी तपाईंबाट तर्किगयौं र बाल र अश्तोरेतका मूर्तिहरू पुज्यौं। हाम्रा शत्रुका हातबाट हामीलाई बचाउनुहोस् र हामी तपाईंलाई पुज्नेछौं!" ११ अनि परमप्रभुले गिदोन त्यसपछि बाराक, यिप्ता र अन्तमा मलाई पठाउनुभयो। हामीहरू हरेकले तिमीहरूलाई तिम्रा शत्रुहरूबाट बचायौं र तिमीहरूले सुरक्षासाथ बास गर्‍यौ। १२ तर जब तिमीहरूले अम्मोनका राजा नाहाशलाई आफूमाथि हमला गर्न आँटेका देख्यौ, तब तिमीहरूले परमप्रभुलाई आफ्ना राजा मान्न अस्वीकार गर्‍यौ र 'हामीलाई शासन गर्न हामी एउटा राजा माग्छौं' भनी मलाई भन्यौ।"

इसाई भयौं भन्दैमा ,हामी सबै खालको पापबाट सुरक्षित हुन्छौं भन्ने सोच येशूभक्तको हिंडाइको निम्ति अरू खतरापूर्ण धारणाहरूमा यो पनि अत्यन्त खतरापूर्ण धारणा हो। दुःखलाग्दो तीतो सत्यचाहीं यहि हो कि हामी सबै पापस्वभावका मानिस हौं। यो स्वभावले परमेश्वरको विरोध गर्छ। त्यसकारण परमेश्वरको आत्माको बलबिना हामी सजिलैसँग जुनसुकै पापमा पनि फस्न सक्दछौं। )यदि येशूको दायरामा हामी छैनौं भने ,स्वामीको पगरी लगाएर

हुन्छ कि ,पण्डितको खोल ओडेर हुन्छ कि ,बाइबलका प्रखर वक्ता वा विद्वान भनेर अभिमानी भएर हुन्छ कि वा कति धर्मात्मा छौं भनेर अरूलाई तुच्छ ठानेर चलेर हुन्छ कि ,ती सबैले हामीलाई आत्मिक अहङ्कारको अलङ्कारले विभूषित हुन उक्साउन सक्दछन्(। तर येशूको सदाशयताको ज्ञानलाई हामीले आत्मसात् गर्न सक्यौं भने अरूले गर्ने गल्तीलाई अत्यन्त सहानुभूतिपूर्वक हेर्न हामीलाई सक्षम् बनाउँदछ।

**तपाईं आफैले गरेको पापलाई बिर्सेर अरूले गरेको पाप वा दोषलाई कोटयाउन वा आलोचना गर्न सार्वजनिक रूपमा नभएतापनि भित्री मनले तपाईं कत्तिको आत्तुरी हुनुभएको पाउनुभएको छ?**

## ३. एक आपसको भार बोक्नु

**पापमा फसेको वा गल्ती गरेर परमेश्वरबाट फर्किएर गएका विश्वासीहरूलाई उहाँतर्फ फर्काउन गलातीका विश्वासीहरूलाई अरू के निर्देशनहरू पावलले दिँदछन् ?हेर्नुहोस् गलाती ६:२-५को साथमा अरू पदहरू पनिः "२ एक-अर्काको भार उठाउने गर। यस्तै गरेर ख्रीष्टको व्यवस्था तिमीहरूले पूरा गर्नेछौ। ३ यदि कसैले आफूलाई केही हुँ भन्ने सम्झन्छ तर आफू केही होइन भने उसले आफैंलाई ठग्दछ। ४ सबैले आ-आफ्नो चालचलनलाई आफैंले जाँचेर हेर्ने गर। राम्रो भए आफूले गरेको कुरामा रमाऊ, तर अरूले भन्दा राम्रो गर्छु भनेरचाहिँ नफुल ५ किनभने सबैले आफ्नो बोझ आफैं बोक्नुपर्छ।" रोमी १५:१,२ "१ हामी विश्वासमा बलियो हुनेहरूले कमजोरहरूको कमजोरीलाई सहनुपर्छ। हामीले आफूखुसी मात्र गर्नुहुँदैन; तर अरूको पनि वास्ता गर्नुपर्छ। २ हामी हरेकले आफ्नो छिमेकीको भलाइ र विश्वासमा उन्नति होस् भनेर उनलाई खुसी पार्नुपर्छ।" र मत्ती ७:१२ "अरूहरूले आफूलाई जे गरिदिएको चाहन्छौ, त्यही नै तिमीहरूले पनि उनीहरूलाई गर। यही नै मोशाका व्यवस्था र अगमवक्ताहरूले भनेका कुराहरू हुन्।"**

पावलले गलाती ६:५मा भनेका" हरेकले आफ्नो भार आफै उठाउनुपर्छ " ग्रीक भाषामा baros बारोस् शब्दलाई "भार" भनेर अनुवाद गरिएको छ। यो त्यस्तो भारी हो जुन ठूलो ओजन भएको भारी हो जुन मानिसले लामो बाटोमा बोक्दछ। तर समय बित्दै जाँदा यो शब्दलाई शाङ्केतिक वा प्रतीक मानेर प्रयोग गर्न थालियो। दुःख ,कष्टसाथ गर्मीमा दिनभरी पसिना चुहाएर गर्ने कामलाई पनि यहि भार भन्ने शब्द प्रयोग गरिएको छ )मत्ती २०:१२(। "एक आपसको भार उठाऊ "भनेर पावलले गलाती ६:२मा भनेको पनि "कमजोर मानिसको भार उठाउन सहयोग गर" भन्ने सल्लाह दिइएको देखाउँछ। हरेकले

आफ्नो भार त उठाउनुपर्दछ तर कतिपय विश्‍वासीहरू कमजोर छन् त्यसप्रति पनि हामी संवेदनशील हुनुपर्दछ। कतिपय इसाईहरूले नैतिक रूपमा अरूलाई सहयोग गर्न वाध्य नदेखिएकोले नै पावलले त्यो सल्लाह दिएको हुनुपर्छ। तर भार उठाउनु भनेर पावलले औंल्याएको अधीनमा केवल एक आपसमा सहयोग गर्ने मात्र नभएर फराकिलो अर्थ पनि छ। इसाई जीवनमा धेरै आत्मिक शिक्षादीक्षाहरू छन् जसलाई पन्छाउनुहुँदैन भनेर पावलको निर्देशनले देखाउँदछ।

प्रथमतः बाइबललाई व्याख्या गर्ने तिमोथी जर्जले लेख्दछन् ,"सबै इसाईहरूले भारी बोक्नुपर्छ। हाम्रो जीवनप्रति परमेश्‍वरको योजनाअनुसार हाम्रा भारहरू ठूला साना वा विभिन्न आकारको हुनसक्छ। कसैको परिक्षा वा लालसामा पर्ने भार होला त कसैकोचाहीँ नैतिक पतन हुँदा अपराधमा पर्दा बोक्नु पर्ने भार होला जसरी गलाती ६:१मा देखाइएको छ। कसैको निम्ति शारीरिक बिमार हुन्छ भने कसैको निम्ति मानसिक चिन्ता वा शैतानको दुष्ट आत्माले सताउने होला, कसैको निम्ति परिवारको समस्या भने कसैको निम्ति काम नपाएर भार ,अथवा अरूको निम्ति अरू कुनै भार नै होला। तर कोही पनि इसाईले "मैले येशूलाई विश्‍वास गरेँ मैले कुनै भारी वा जिम्मेवारी बोक्नुपर्दैन" भन्ने मनस्थितिमा रहन्दैन। ***"द न्यु अमेरिकन कमेन्टरी : गलेशियनस् नाशभिल ,टेनस्सी :ब्रडमान एण्ड होलमान पब्लिशरस् ,१९९४ ठेली ३ ,पृ. ४१३बाट रूपान्तरित।***

दोश्रोमा, हाम्रो सबै भारी हामीले मात्र बोक्नुपर्छ भन्ने परमेश्‍वरको योजना होइन। दुर्भाग्यवस कतिपटक हामी अरूको भार बोक्न राजी हुन्छौं तर हाम्रो भार अरूलाई बोकाउन चाहन्दैनौं। यस्तो खालको मनस्थितिलाई आफूले आफूलाई नै धोका दिने खालको हो वा आफ्नो खुट्टामा आफै उभिएकोले मलाई कसैको खाँचो छैन भन्ने मनस्थितिमा रहनु हो भनेर पावलले आलोचना गर्दछन् गलाती ६:३। यो देखावटी मानवीय अभिमान हो। हाम्रा कमजोरी र आवश्यतालाई इन्कार गर्ने यस्तो मनस्थितिलाई घमण्डी अर्थात् अभिमानी भनेर कहलाइन्छ। यस्तो खालको अभिमान हामीमा भयो भने परमेश्‍वरले आह्वान गर्नुभएको अरूको सेवाकार्य गर्ने काममा हामीलाई मात्र होइन अरूलाई पनि हतोत्साह गराउँछ।

अन्तमा एक आपसको बोझ उठाउन हामीलाई परमेश्‍वरले आह्वान गर्नुभएको छ किनभने हाम्रो यही क्रियाकलापबाट नै परमेश्‍वरको सान्त्वना वा ढाडसलाई प्रकट गर्न सक्दछौं। यस सत्य वचनले चर्च भनेको येशूको शरीर हो भन्ने बताउँछ। उदाहरणमा पावलले आफ्नै शब्दहरूमा भन्दछन् ,"जो दुःखमा परेका छन् तिनीहरूलाई सान्त्वना दिने परमेश्‍वरले हामीकहा तितसलाई

पठाउनुभयो र हामीलाई सान्त्वना वा ढाडस दिनुभयो।) "२ कोरन्थी ७:६ रूपान्तरित(। याद गर्नुहोस् ,कुनै गुफामा बसेर वा व्यक्तिगत ध्यान गरेर वा प्रार्थना गरेर पावललाई परमेश्वरबाट सान्त्वना मिलेको थिएन। बरू मित्रको साथ पाएर र मित्रले ल्याएको असल खबरले पावललाई उत्साहित बनाएको थियो।

"मानवीय दौतरी वा मित्रताले एक आपसको भार उठाउन सहयोग गर्दछ। परमेश्वरका जनहरूको निम्ति उहाँका धेरै लक्ष्यहरूमा यो पनि एक हो।"- आर. डब्लु. स्लट ,द मेसेज अभ गलेशियनस् ,पृ. १५८बाट रूपान्तरित।

**के तपाईं सबै कुरा एक्लैले धान्न सक्छु भनेर घमण्ड गर्नुहुन्छ ?अरूको सहयोग मान्न तपाईंलाई के ले रोकिरहेको छ ?के अहँकारी वा अभिमानी भएर वा लाज लाग्छ भनेर हो वा कसैलाई विश्वास नगर्ने मनस्थिति बोकेको कारणले हो कि वा कसैसँग भर नपर्ने स्वतन्त्र छु भनेर कुर्लने बानीले गरेर हो ?यदि चाहेको खण्डमा तपाईंले विश्वास गर्नुभएको व्यक्तिसँग किन आफ्नो बोझ नबाँध्ने?**

## ४. "येशूको व्यवस्था वा नीति (गलाती ६:२-५)

एक आपसको भार उठाउँदा येशूको व्यवस्था अर्थात् अधीन पूरा गरेको हुन्छ भनेर पावलले व्यक्त गर्दछन्। ख्रीष्टको व्यवस्था वा अधीन भनेको के हो ? देहायका पदहरू पढ्नुहोस् :गलाती ५:१३-१५ "१३ दाजुभाइहरू, तिमीहरू स्वतन्त्र हुन बोलाइएका हौ। तर यो स्वतन्त्रता शारीरिक स्वभावअनुसार चल्ने नबनोस्। प्रेमले एक-अर्काको भलाइ गर १४ *किनभने सबै व्यवस्थाको सार एउटै आज्ञामा छ, "आफैंलाई झैं आफ्ना छिमेकीलाई प्रेम गर।"* १५ तिमीहरू आपसमै जङ्गली पशुझैं टोक्ने र चिथोर्ने गर्छौ भने होश राख, नत्रता एकले अर्कालाई खतम गर्नेछौ।" गलाती ६:२,३ "२ एक-अर्काको भार उठाउने गर। यस्तै गरेर ख्रीष्टको व्यवस्था तिमीहरूले पूरा गर्नेछौ। ३ यदि कसैले आफूलाई केही हुँ भन्ने सम्झन्छ तर आफू केही होइन भने उसले आफैंलाई ठग्दछ।" यूहन्ना १३:३४,३५ "३४ अब म तिमीहरूलाई एउटा नयाँ धार्मिक आज्ञा दिन्छु, तिमीहरू एकले अर्कालाई प्रेम गर। जसरी मैले तिमीहरूलाई प्रेम गरेको छु, त्यसरी नै तिमीहरूले पनि एकले अर्कालाई प्रेम गर्नुपर्छ। ३५ तिमीहरू एकले अर्कालाई प्रेम गर्‍यौ भने तिमीहरू मेरा चेला हौ भनेर सबै मानिसहरूले चिन्नेछन्।" र मत्ती २२:३४-४० "३४ येशूले सदुकीहरूलाई चुप पार्नुभयो भन्ने कुरा सुनेर फरिसीहरू एक गुट बाँधेर येशूकहाँ आए। ३५ तिनीहरूमध्ये एक जना धर्म-गुरुले येशूलाई फसाउने विचारले सोधे, ३६ "हे गुरु, व्यवस्थाको सबैभन्दा ठूलो आज्ञाचाहिँ कुन हो?" ३७ येशूले जवाफ दिनुभयो, "तिमीले

**परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो पूरा हृदय, पूरा प्राण र पूरा मनले प्रेम गर। ३८ सबैभन्दा मुख्य र ठूलो आज्ञा यही हो। ३९ अनि यस्तै अर्को मुख्य र ठूलो आज्ञाचाहिँ , 'आफ्नो छिमेकीलाई आफैंलाई जस्तै प्रेम गर।' ४० मोशाका सबै व्यवस्था र अगमवक्ताका शिक्षाहरूको आधार यी दुई आज्ञा हुन्।"**

पावलको "येशूको व्यवस्था वा नीति) "ton nomon tou Christou टन नमन टौ क्रिष्टौ (भन्ने वाक्यांश बाइबलको अरू कुनै भागमा पनि पाइन्दैन। तर १ कोरन्थी ९:२१मा झण्डै त्यहि वाक्य )ennomos Christou इनोमोस क्रिष्टौ (उनले प्रयोग गरेको पाइन्छ। यस विशेष वाक्यांशलाई धेरै तरिकाले वाख्या गरिएका छन्। कसैले गलत तरिकाले वाख्या गरेर यो भन्छन्" ,हेर , सीनैको पहाडमा परमेश्वरले दिनुभएको व्यवस्थालाई अब येशूको अर्कै व्यवस्थाले स्थान पाएको छ।" कसैले भन्छन् व्यवस्था भन्ने शब्दको अर्थ साधारणतया महत्त्वपूर्ण नियम रोमी ७:२१ पढ्नुहोस् अर्थात् एक आपसको बोझ बोक्यौं भने हामीले येशूको उदाहरणलाई पछ्याएका हौं भनेर देखाउने यसको अर्थ हो। यस खालको वाख्याचाहिँ केही मनासिव देखिन्छ । गलाती ५:१४मा लेखिएको झण्डै त्यहि शब्द र तर्कसँग तुलना गर्दा येशूको व्यवस्था पूरा गर्नु भनेको प्रेमद्वारा मोशाको व्यवस्थाको समर्थन गर्नु हो भनेर देखाएको पाइन्छ। ख्रीष्ट आउनुहुँदा दश आज्ञा वा नैतिक व्यवस्थालाई हटाइएको छैन भनेर पावलले आफ्नो पत्रमा अघि भनेका थिए। बरू इसाई जीवनमा प्रेमको सहायताले दश आज्ञा वा नैतिक व्यवस्थाले निरन्तररूपमा उल्लेखनीय भूमिका खेलिरहेको हुन्छ। ठीक त्यहि शिक्षा आफ्नो सांसारिक सेवा कालमा येशूले मानिसहरूलाई सिकाउनुभएको थियो। आफ्नो जीवनकाल भरी र मृत्युमा पनि येशूले यहि शिक्षा अपनाउनुभएको थियो। त्यसैकारण अरूको भार उठाउँदा हामीले येशूको कदमलाई पछ्याएका हुन्छौं। यसरी हामीले व्यवस्थालाई पूरा गरिरहेका हुन्छौं।

ती पदहरूमा अर्को विषय समस्या भएर खडा भएको पाइन्छ। गलाती ६:२ र गलाती ६:५मा धेरै अन्तर भएको पाइन्छ। तर पावलले दुई किसिमका शब्दहरू दुई किसिमका परिस्थितिलाई व्याख्या गर्न खोजेका हुन् भनेर थाहा पाइयो भने त्यो समस्या स्वत :समाधान हुन्छ। पद २मा उल्लेख गरिएको भारलाई ग्रीक शब्दमा baros बारोस् हो भनेर हामीले भन्यौं। यसको अर्थ गर्‍हौं_भारी हो जुन लामो बाटोमा बोकेर लैजान्छन्। तर पद ५मा उल्लेख गरिएको phortion फोर्टनचाहिँ जहाजले बोक्ने भारी ,वा सैनिकले पछाडि बोक्ने झोला वा आमाले पेटमा बोक्ने वच्चा हो। पद २को भारीचाहिँ थन्क्याउन सक्दछ तर पद ५कोचाहिँ सक्दैन। उदाहरणमा पेट बोकेकी

आमाले आफ्नै बालकलाई आफ्नै पेटमा बोक्नुपर्दछ। फेरि यस उदाहरणले हामीलाई यो देखाउँदछ कि कुनै यस्ता भारी छन् जुन बोक्न अरू मानिसले सघाउन सक्दछ। तर त्यस्ता भारी पनि छन् जुन अरू मानिसले हाम्रो निम्ति बोक्न सक्दैन ःउदाहरणमा ,पापको भारी वा हाम्रो विवेकमा रहेको दोषको भारी ,दुःख ,कष्ट र मृत्यु। ती बोझहरूलाई हलका बनाउनको निम्ति हामी केवल परमेश्वरमा मात्र भर पर्नुपर्दछ मत्ती ११ः२८–३०

**कुनै भारी बोक्न तपाईंले अरू मानिसहरूको सहायता लिन सक्नुहुन्छ। कुनै त परमेश्वरकहाँ तपाईं आफैले लैजानु पर्दछ। आफैले बोक्न नसक्नुभएको बोझ परमेश्वरलाई दिन तपाईंले कसरी सिक्न सक्नुहुन्छ?**

## ५. रोप्ने र कटनी गर्ने -गलाती ६ः६–१०

गलाती ६ः७मा "परमेश्वरको खिस्सी नगर) "mukterizo मुक्टेरिजो (भन्ने वाक्य नयाँ करारमा केवल यहाँ मात्र देखिएकाछन्। तर ग्रीक भाषामा अनुवाद गरिएको पुरानो करारमा यो बारम्वार देखा परेका छन्। यसको अर्थ यो पनि हो कि कसैप्रति वाक्क भएर नाक खुम्च्याउनु। पुरानो करारमा परमेश्वरका अगमवक्ताहरूलाई कसैले घृणा गर्छ भने यो शब्द प्रयोग गरेको पाइन्छ )२ इतिहास ३६ः१६ ,यर्मिया २०ः७। एक फेरा त परमेश्वरको विरूद्धमा बिद्रोह गर्ने मनस्थिति हुनेको स्पष्ट वाख्या गर्न यो शब्द प्रयोग गरिएको थियो इजकियल ८ः१७ ।

मानिसहरूले परमेश्वरलाई वेवास्ता गर्ला वा उहाँका आज्ञाहरूलाई मान्न वाध्य नभएको ठान्ला भनेर देखाउन पावलद्वारा यो वाक्य प्रयोग गरिएको हो। मानिसहरूले परमेश्वरलाई जिस्क्याउन सक्दैनन्। उहाँ प्रधान न्यायाधीस हुनुहुन्छ। अन्तको समयमा मानिसहरूले आफ्ना क्रियाकलापको लेखाजोखा दिनुपर्दछ र परमेश्वरको उपहास गर्ने वा आफ्नो नराम्रो काम गर्नेले त्यसको मूल्य चुकाउनुपर्ने छ।

**गलाती ६ः८मा ,"जसले आफ्नो पाप स्वभावलाई उमार्न रोप्दछ ,त्यसले पापी स्वभावबाट नै सर्वनाशको कटनी गर्नेछ। तर जसले आत्माको निम्ति रोप्दछ ,त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ। "पावलले भनेको अर्थ के हो ?के बाइबलमा यस्ता पात्रहरूको उदाहरणहरू छन् जसले आफ्नो शारीरिक अभिलाषालाई खुशी पार्न खोजेका थिए र पवित्र आत्मालाई खुशी पार्न खोजेका थिए ?उदाहरणमा हेर्नुहोस्ः प्रेरित ५ः१–११, "१ हननिया भन्ने एक जना मानिस थिए। तिनकी पत्नीको नाउँ सफीरा थियो। तिनीहरूले पनि आफ्नो अलिकति खेत बेचे २ अनि सल्लाह गरेर खेत बेचेको अलिकति पैसा आफ्नै लागि सुटुक्क लुकाएर राखे। बाँकी पैसाचाहिँ हननियाले 'सबै पैसा ल्याएँ' भनेर**

प्रेरितहरूका चरणमा राखिदिए। ३ तब पत्रुसले भने, “ए हननिया, आफ्नो हृदयमा शैतानलाई राज्य गर्न दिएर तिमीले किन पवित्र आत्मासँग झूटो बोल्यौ? खेत बेचेको अलिकति पैसा तिमीहरूले किन आफ्नै लागि लुकाएर राखेका छौ? ४ खेत नबेच्दा पनि त्यो खेत तिमीहरूकै थियो। बेचेपछि पनि त्यसबाट आएको पैसा तिमीहरूकै थियो। तिमीहरूले आफू खुसीले दिन सक्थ्यौ। किन आफ्नो मनमा यस्तो झूट बोल्ने विचार गऱ्यौ? तिमीहरूले मानिसहरूसँग होइन, तर परमेश्वरसँग झूट बोलेका हौ।” ५ पत्रुसको कुरा सुन्नेबित्तिकै हननिया भूइँमा पछारिएर मरे। यो कुरा सुन्नेहरू सबै डरले कामे। ६ युवाहरू आएर हननियाको लाश बाहिर ल्याएर गाडिदिए। ७ तीन घण्टापछि हननियाकी श्रीमती भित्र आइन्। तिनलाई आफ्ना श्रीमान मरेको कुरा थाहा थिएन। ८ पत्रुसले तिनलाई सोधे, “मलाई भन त, तिमीहरूले खेत त्यति नै पैसामा बेचेको हो कि होइन?” तिनले भनिन्, “ज्यू, त्यतिमा नै हो।” ९ पत्रुसले भने, “तिमीहरू दुवैले प्रभुको आत्माको जाँच किन लिन खोज्यौ? हेर, तिम्रा लोग्नेलाई गाड्न जाने मानिसहरू भर्खरै ढोका बाहिर आइपुगेका छन्। तिनीहरूले तिमीलाई पनि त्यसै गरी गाड्नेछन्।” १० तब तिनी तुरुन्तै पत्रुसको अघिल्तिर पछारिएर मरिहालिन्। ठिटाहरू भित्र आएर तिनलाई मरेको देखेर तिनको लाश लगेर तिनको लोग्नेको छेउमा गाडिदिए। ११ यस्तो घटना भएपछि मण्डलीका मानिस र यो कुरा सुन्ने जति सबै मानिसहरू डरले ज्यादै आत्तिए।" लूका २२:३-६ “३ त्यसै समय बाह्र जना चेलाहरूमध्ये यहूदा इस्करियोत भन्नेको हृदयमा शैतान पस्यो। ४ त्यसले मुख्य पूजाहारी र मन्दिरका सिपाहीहरूकहाँ गएर ‘येशूलाई कसरी पक्राइदिन सक्छु’ भन्नेबारे सरसल्लाह गऱ्यो। ५ यो सुनेर तिनीहरू खुसी भएर त्यसलाई पैसा दिने भए। ६ यहूदा राजी भयो र मानिसहरूले थाहै नपाउने गरी येशूलाई सुटुक्क पक्राइदिने मौका खोज्न लाग्यो।" दानियल १:८-१६ “८ दानिएलले राजदरबारको भोजन खाएर अनि दाखमद्य पिएर आफैंलाई यहूदी विधिअनुसार अशुद्ध नपार्ने सङ्कल्प गरे र अशपेनजलाई यसबारे भने। ९ परमेश्वरले उनको मन दानिएलप्रति दयालु पारिदिनुभयो। १० तर अशपेनज राजासित डराउँथे र उनले दानिएललाई भने, “तिमीले के खाने र के पिउने हो, सो राजाले खटाइदिनुभएको छ र तिमी अरू ठिटाहरूझैं हट्टाकट्टा देखिएनौ भने उहाँले मेरो ज्यान लिनुहुनेछ।” ११ यसकारण आफू र आफ्ना साथीहरूमाथि हेरविचार गर्न अशपेनजले खटाएका कारिन्दाकहाँ दानिएल गए १२ र तिनलाई भने, “दश दिनसम्म हामीलाई जाँचेर हेर्नुहोस्। हामीलाई खानलाई साग-सब्जी र पिउनलाई पानी दिनुहोस्। १३ त्यसपछि राजदरबारको भोजन खाने जवानहरूसित हामीलाई दाँज्नुहोस् र हामी कस्ता देखिन्छौं, त्यसअनुसार निर्णय गर्नुहोस्।” १४ दश दिनसम्म तिनीहरूलाई त्यसो

गर्न दिन उनी राजी भए। १५ दश दिन बितेपछि तिनीहरू राजदरबारको भोजन खाने जवानहरूभन्दा ज्यादा हट्टाकट्टा र बलिया देखिए। १६ त्यसपछि ती कारिन्दाले तिनीहरूलाई राजाको हुकुमअनुसारको भोजनको सट्टामा सधैं सागसब्जी खान दिए।" र मत्ती ४:१-१०" १ त्यसपछि शैतानले येशूको परीक्षा लेओस् भनेर पवित्र आत्माले येशूलाई उजाड-स्थानमा लानुभयो। २ उजाड-स्थानमा येशूले चालीस दिन र चालीस रातसम्म केही पनि खानुभएन। त्यसो हुँदा उहाँलाई साह्रै भोक लागेको थियो। 3 त्यसै बेला शैतानले उहाँकहाँ आएर भन्यो, "साँच्चै तपाईं परमेश्‍वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी होइजा भन्नुहोस्।"४येशूले जवाफ दिनुभयो, "धर्मशास्त्रमा यस्तो लेखिएको छ– खानेकुराले मात्रै मानिस बाँच्तैन, तर ऊ परमेश्‍वरको मुखबाट निक्लेको हरेक बोलीले बाँच्दछ।" ५ त्यसपछि शैतानले येशूलाई पवित्र सहर यरूशलेममा लग्यो र मन्दिरको टुप्पोमा पुऱ्याएर भन्यो, ६ "यदि साँच्चै तपाईं परमेश्‍वरका पुत्र हुनुहुन्छ भने लौ यहाँबाट तल हाम फाल्नुहोस् किनभने धर्मशास्त्रमा यसरी लेखिएको छ– 'परमेश्‍वरले तिम्रो लागि आफ्ना स्वर्गदूतहरूलाई खटाउनुहुनेछ र ढुङ्गाले तिम्रा खुट्टामा चोट नलागोस् भनेर तिनीहरूले तिमीलाई हात-हातमै थाम्नेछन्'।" ७ येशूले भन्नुभयो, "धर्मशास्त्रमा यस्तो पनि लेखिएको छ– 'तैंले परमप्रभु आफ्ना परमेश्‍वरको जाँच नगर्'।" ८ फेरि शैतानले येशूलाई एउटा अग्लो पहाडमा लग्यो र संसारका सबै राज्य र तिनीहरूको चमक देखाउँदै भन्यो, ९"मलाई ढोग्नुभयो भने यी सबै राज्यहरू तपाईंलाई दिनेछु।" १० येशूले भन्नुभयो, "ए शैतान, यहाँबाट गइहाल्! धर्मशास्त्रमा लेखिएको छ– 'तैंले परमप्रभु आफ्ना परमेश्‍वरलाई मात्र ढोग् र उहाँकै सेवा गर्'।"

पावलले प्रयोग गरेको शाङ्केतिक शब्द रोप्ने र कटनी गर्ने असमान्य मानिन्दैन। बाइबलको समयमा जीवनलाई रोप्ने र कटनी गर्ने भनेर उल्लेख गरि धेरै महावाणी अर्थात् नीति वचनहरू देखापरेकाछन्। तर अघिल्लो बुँदामा पावलले शरीर र आत्माको टिप्पणीलाई औंल्याउँदै रोप्ने र कटनी गर्ने वाक्यलाई कसरी प्रयोग गरिएको छ त्यो महत्त्वपूर्ण मान्नुपर्दछ। जेमस् डी. जी. डनले लेख्दछ ,")पावलको भनाइलाई बुझ्न (आधुनिक उदारहण यो हो ,के रोज्ने त्यो चुन्न स्वतन्त्र छौं तर हामीले रोजेको कुराको नतिजालाई चुन्न हामी स्वतन्त्र छैनौं।"-ब्लाक्स न्यु टेस्टामेन्ट कमेन्टरी :द इपिस्टल टु द गलेशियनस् )लण्डन :हेन्द्रिसकसन पब्लिशरस् ,२००२(, पृ. ३३०बाट रूपान्तरित।

यस संसारमा पापको परिणामबाट भोग्नुपर्ने दुःखबाट परमेश्‍वरले सधैं मुक्त गर्नुहुन्न। तर हाम्रो गलत निर्णयले गर्दा नराम्रो परिणाम भोग्नुपर्दा हामी निराशको खाल्डोमा छौं वा हाम्रो अनन्त जीवन गुमायौं भनेर पुरपुरोमा हात

राखेर बस्नु आवश्यक छैन। परमेश्वरले हाम्रा पापहरूलाई क्षमा दिनुभयो र उहाँले हामीलाई उहाँका छोराछोरी बनाउनुभयो भन्ने खबरले हामी आनन्दित हुनुपर्दछ। बिगतमा जे भएतापनि स्वर्गमा कटनी गर्न अब बाँकी समयलाई अवसर मानेर त्यसलाई लगानी गर्नुपर्दछ।

गलाती ६:१०मा पावलले भन्दछ ,"यसकारण मौका पाए अनुसार हामी सबै मानिसको भलाइ गर्दै जाऔं ,विशेष गरेर तिनीहरूको ,जो हाम्रो विश्वासको परिवारका हुन्। "इसाई नीतिले दुई किसिमले काम गर्दछ भनेर त्यस वाक्यले भन्दछ। एक त फराकिलो छ र सबै मानिसलाई समेट्छ ,"सबै मानिसको भलाइ गर्दै जाऔं। "अर्कोचाहिँ सिमित छ ," विशेष गरेर तिनीहरूको ,जो हाम्रो विश्वासको परिवारका हुन्। "सारा मानिस परमेश्वरको रूपमा सृष्टि गरिएको हो भन्ने धारणालाई मध्य नजर राखेर सबैको हित खोज्नुपर्दछ भन्ने पावलको आह्वान छ। यसको अर्थ परमेश्वरको निम्ति सबै मानिस विशेष छन् र उहाँको निम्ति महत्त्वपूर्ण छ। जब जब इसाईहरूले यो उल्लेखनीय सत्यलाई बिर्सेको हुन्छ तब तब तिनीहरू पनि त्यहि भयङ्कर पापको शिकार हुन पुगेका हुन्छन् जसले गर्दा आजसम्म पनि आदम र हव्वाले गर्दा सारा मानव जातिको मानव समुदाय कलङ्कित भएको छ। इसाई भनाउँदाहरू नै किन नहुन्, मानव जातिप्रति परमेश्वरको भित्री भावना नबुझ्दा तिनीहरू मानिस मानिसको बीचमा पूर्वाग्रह राख्ने, जाति जनजाति भनेर छुट्याउने, देशीबिदेशी अर्थात् छालाको रङ्ग अनुसार मानिसलाई व्यवहार गर्ने, स्त्रीपूरूषमा भदभाव धनी वा गरिबको बीचमा भेदभाव, विभिन्न वर्गहरूको बीचमा असमानता आदि जस्ता हजारौं असोभनीय नीतिहरू अपनाएर मानिसहरूको बीचमा विभाजन ल्याइरहेको पाउँछौं।"– तिमोथी जर्ज ,द न्यु अमेरिकन कमेन्टरी :गलेशियनस )नाशाभील ,टेनस्सी : ब्रोडमान एण्ड होलमान पव्लिशर्स् ,१९९४(, ठेली ३ पृ. ४२७ ,४२८बाट रूपान्तरित।

**प्रत्येक दिन तपाईंले केहि न केहि रोपीरहनुभएको छ ,चाहे असल होस् चाहे खराब होस्। तपाईंले कस्तो खालको कटनी गर्नुहुनेछ?**

## उपसंहार:

**थप जानकारी** :"परमेश्वरको आत्माले नै दुष्टलाई विवेकको नियन्त्रणमा राख्नुहुन्छ। जब मानिसले परमेश्वरको आत्माको प्रभावलाई पन्छाएर आफ्नो भाउ लाई माथि राख्न खोज्छ तब त्यसले पापको कटनी गर्दछ। जब त्यस मानिस परमेश्वरको आज्ञाको बिऊलाई बिस्तारै बिस्तारै पन्छाउँदै जान्छ तर उहाँको आत्माले उसलाई नियन्त्रण गर्न कम कम हुँदै जान्छ र उसको हृदयमा अवज्ञाको बिऊ रोप्न थालेको हुन्छ। चेतावनी र खबरदारीका

सन्देशहरूको शक्ति उसमाथि क्षिण हुँदै जान्छ। अनि परमेश्वरप्रतिको भय र श्रद्धा पनि गुमाउन ठाल्छ। आफ्नो शारीरिक अभिलाषा नै उसको निम्ति सर्वोच्च हुनेभएकोले त्यसैको निम्ति उसले रोप्दछ ,जसले गर्दा अनन्तको मृत्यु र बिनाशको कटनी उसले गर्दछ। आफैले रोपेको बिऊ पाक्दै जान्छ। उसले परमेश्वरको पवित्र आज्ञाहरूलाई मान्न वा आदर गर्न चाहन्दैन। उसको कोमल हृदय पत्थरको जस्तो हुन जान्छ। पापको पासोमा परेको हुनाले उसले सत्यको विरुद्धमा बिद्रोह गर्दछ। जलप्रलय भन्दा अघि मानिसले संसारमा दुष्टको बिऊ रोपेको थियो। त्यसैले गर्दा त्यस समयमा बिधिको शासन थिएन ,हत्या ,हिंसा , अपराध र लुटपातले उन्माद मच्चाएको थियो।

शैतानले मानिसको आत्मालाई सत्यानाश गर्छ भन्ने कुरो सबैंले थाहा पाउनु जरुरी छ। मानिसको विरोधमा परमेश्वरले कुनै व्यवस्था वा नीति पठाउनुभएको कारणले मानिस त्यस स्थितितमा पुगेको होइन। आत्मिक रूपमा मानिसलाई अन्धा र मूर्ख वा वेवकूफ बनाउनुहुन्न। सत्य र असत्यलाई रोज्न मानिसलाई सहायता गर्न परमेश्वरले काफि ज्योति र प्रमाण दिनुभएको छ। तर कसैलाई पनि उसको आत्मनिर्णयको बिरुद्धमा बलजफ्ति सत्यलाई परमेश्वरले लाद्नुहुन्न। असल वा खराब रोज्ने स्वतन्त्र अधिकार परमेश्वरले मानिसलाई नै सुम्पनुभएको छ। सत्य बाटोमा हिँड्ने प्रमाण यदि मानिसले रोज्यो भने उसले दुष्ट मार्गमा हिँड्न थाल्दछ। पहिला चोटि ठीक बाटोमा हिँड्न अश्वीकार गर्‍यो भने दोश्रोचोटिपनि सजिलैसँग गलत बाटोमा हिँड्नसक्छ। अनि तेश्रो चोटि त परमेश्वरबाट टाडा हुन जान्छ र आफूलाई शैतानको पक्षमा उभ्याइदिन्छ। यस प्रक्रियामा ऊ जाँद गर्दा दुष्टको ढाँचामा आफूलाई ढाल्दछ। अनि सबै झुट वा असत्यलाई सत्य नै भनि अङ्गाल्न थाल्दछ। उसको ढिपीले गर्दा दुष्टताको कटनी गर्न योग्य हुनजान्छ )मानुस्क्रिप्ट १२६ ,१९०१(। "एलेन जी ह्वाइट कमेन्टस् ,द एसडिए बाइबल कमेन्टरी ,ठेली ६ ,पृ. १११२बाट रूपान्तरित।

**चिन्तनमननः**

क) कोहि विश्वासी भाइ पापमा फस्यो त उसलाई परमेश्वरतिर फेरि फर्काउनु भनेको के हो ?के कुनै पापीलाई परमेश्वरतिर फर्काउनु भनेको अर्थ त्यो मानिस पहिलेको जस्तै हुने हो कि अझ परमेश्वरमा बढि प्रतिवद्धतामा लाग्नु हो ?

ख) कुनै भार मानिस आफैले बोक्नुपर्छ भन्ने कुरामा असहमत त छैन )गलाती ६:५) तर कुनै विश्वासीले कसैलाई सहायता गर्न चाहन्छ भने के त्यसलाई अश्वीकार गर्ने?

ग. गलाती ६मा दिएको निर्देशन अनुसार तपाईंको चर्च चलेको छ कि छैन ? चर्चलाई चर्चकै गरिमामय स्थानमा ल्याउन तपाईंको भूमिका के हुनसक्छ?

सारांश परमेश्वरको उपस्थिति उहाँका मानिसहरूमा छ भनेर देखाउने प्रमाण नै चर्चमा देखाइने येशूको आत्माको स्वभाव हो। कमजोर भाइ बहिनीहरूलाई कुन रूपमा व्यवहार गरेर परमेश्वरमा फेरि ल्याउँछ त्यसले नै त्यस चर्चमा परमेश्वरको आत्मा छ कि छैन भनेर प्रमाणित गर्दछ। र साथै आफ्ना चर्चका सदस्यहरू र अरू गैर-विश्वासीहरूलाई देखाउने दया ,माया र सदाशयताले त्यस चर्चमा येशूको आत्मा छ भनेर देखाउँदछ।

# स्वर्गमा मिलाएको जोडी, भाग ३

"त्यसको निम्ति तिमीले धेरै प्रार्थना गर्नुपर्छ," मरिनाले भनिन्। "यो एकदम गम्भीर मामिला हो।" अनि सहानालाई छक्क पार्ने गरेर मरिनालाई भनिन्, "तिम्रो बुबाआमालाई तिम्रो लागि एडभेन्टिस्ट दुलाहा खोज्न म सघाइदिन सक्छु किनभने केही एडभेन्टिस्ट युवकहरू मलाई थाहा छ।"हो र! साँच्चिक्कै? त्यो त गजब हुनेछ" सहानाले छक्क पर्दै भनी।

त्यस दिन बेलुकी आफ्नी आमालाई उनको चाहनाको बारेमा सुनाइदिइन्। "आमा मलाई थाहा छ तपाईंहरूले मेरो निम्ति केटो खोज्दै हुनुहुन्छ। म त केवल एडभेन्टिस्ट केटासँगमात्र बिवाह गर्न चाहन्छु" आफ्नो मनको भावना आमालाई खोली।

"यी विभिन्न चर्चहरू सबै एकै खालका हुन्। र एडभेन्टिस्ट केटाको बारेमा मलाई थाहा छैन" आमाले भनिन्।

"मेरी साथी मरिनाले मेरो निम्ति एडभेन्टस्ट केटा खोज्न सहयोग गर्न सक्छिन्" सहानाले आमालाई आफ्नो कुरा खोलाइन् ।"हुन्छ त, यदि मरिनालाई कोही एडभेन्टिस्टलाई चिनेको छ भने त्यसको बारेमा हामी सोच्न सक्छौं," आमाले पनि हाँमाहाँ मिलाएर जवाफ दिइन्।

पास्टर माइकलले छिट्टै बिवाह गर्न लागेको मरिनालाई थाहा थियो। उनको बिबाहमा धेरै युवायुवतीहरू आउँछन् भन्ने कुरा उनलाई थाहा थियो। केही टाढाबाट आबी नाउँ गरेको एडभेन्टिस्ट युवक आउँदैछन् भनेर उनलाई थाहा थियो। त्यो युवक मरिना र उनको परिवारसँग पाहुना भएर बस्नेछन् भन्ने उनलाई थाहा थियो। जब त्यो युवा आयो तब मरिनाले त्यससँग भेटघाट गर्न सहानालाई आफ्नो घरमा बोलाइन्।

आफूलाई असल एडभेन्टिस्ट दुलाहा पाउन सहानाले परमेश्वरसँग भित्री हृदयदेखि प्रार्थना गरी। पवित्र आत्माले उनको प्रार्थना सुन्नुभएको छ भनेर उनले अन्तस्करणदेखि थाहा पाई।

जब त्यो युवक मरिनाको घरमा आयो तब ऊ अत्यन्त शिष्ट र सुन्दर भएको देख्दा सहाना भित्रैदेखि खुशी भई। त्यो युवक कम्प्युटरको इन्जिनियर भनेर पनि उनले थाहा पाई। ती दुवै जना मरिनाको घरमा घन्टौंसम्म कुरा

गर्दै रहे। सहानाका बुबाआमाले पनि आबीलाई भेटे। उनलाई देखेर तिनीहरू पनि खुशी भए।

पास्टरको बिवाह पछि आबी आफ्नो घरमा फर्के। उनीसँग सहानाले फेरि पनि कुरा गर्न पाइँन। दुई दिनपछि आबीको आमाले सहानाको फोटो मागी पठाइन्। दुई महिनापछि आबीको बुबाआमाले सहाना र उनको बुबाआमालाई भेटे। तिनीहरूको बीचमा सौहाद्रपूर्ण कुराकानी भएको थियो। जब आबीको बुबाआमा घरमा फर्के तब आमाले आफ्नो छोरालाई भनिन्, "यो केटी तिम्रो सपनाको केटी हो। तिम्रो निम्ति त्यही केटी सुहाउँछ।"

अनि बिवाहको छिनोफानो हुन थाल्यो। स्कूलमा काम गर्ने सहानाको करार पनि सकिएको थियो। उनलाई आबीको बुबाले बप्तिस्मा दिए। पछि आबी र सहानाको बिवाह भयो। चलन अनुसार त्यो बिवाह दुवै बाबुआमाको सहमतिमा भएको थियो। त्यस विवाहको दिनमामात्र सहाना र आबीको दोस्रो भेटघाट भएको थियो।

ती दुवै जना बिवाहको दिनमा एक आपसमा राम्रोसँग चिनाजानी नभएतापनि पनि तिनीहरूको जोडी परमेश्वरले नै मिलाइ दिनुभएको हो भनेर तिनीहरू विश्वस्त भएका थिए। तिनीहरूले आफ्नो घर परमेश्वरमा केन्द्रित भएर सुरू गरे। अहिले तिनीहरूको दुईवटा छोराछोरीहरू छन्।

(आबी र सहाना कुरिएन भारतको होसुरमा रहन्छन्। आबी कम्प्युटरको सफ्टवेर इन्जिनियर हुन्)।